नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ २०७२ (January 2016) वर्ष २०/अङ्क २२६

## अगाडि राखिएको निशानामा पुग्न अतीतलाई नहेरौं

- पाष्टर रोबर्ट कार्थक

'परमप्रभुले हामीलाई यहाँसम्म सहायता गर्नुभएको हो' भनी एबेनएजेरको स्मारकको कोशे ढुङ्गो यहाँ गाडौं । हामीले अब सन् २०१६ सालको नौलो क्षेत्रमा पाइलो टेकेका छौं ।

हामीलाई यहाँसम्म डोऱ्याउनुहुने परमेश्‍वरले भविष्यका दिनहरूमा पनि त्यसरी नै डोऱ्याउनु हुनेछ भन्ने हामीलाई पूरा विश्‍वास छ । इस्राएलीहरूको निम्ति डेरा हाल्ने ठाउँ खोज्न र तिनीहरू जानुपर्ने बाटो देखाउन राती आगो र दिउँसो बादलमा यात्राभरि अगि अगि जानुहुने परमेश्‍वर आज पनि आफ्नो पवित्र आत्माद्वारा हामीलाई डोऱ्याउँदै हुनुहुन्छ ।

हाम्रा अतीतका सबै नमीठा, तीता कुराहरू बिर्से तापनि हामीले परमप्रभुका सबै उपकारहरू बिर्सनुहुन्न, हामी स्वभावैले भुल्ने प्राणीहरू हौं । उत्तम दानहरू पाएपछि दिने दातालाई चाहिँ सजिलै बिर्सने हाम्रो स्वभाव छ । पाएका असल कुरामा नै ध्यान मग्न भएर ती कुराहरू दिनुहुने परमेश्‍वर पितालाई हामी 'धन्यवाद' भन्न पनि बिर्सन्छौं । यो पनि राम्रो कुरो होइन । दाऊद आफ्नो मनलाई भन्दछन्, 'हे मेरो मन, परमप्रभुलाई धन्य भन्, उहाँका सबै उपकारहरूलाई नबिर्सी' (भजनसंग्रह १०३:२) ।

"लूतकी स्वास्नीलाई सम्झ" (लूका १७:३२) । सदोमबाट भागेर जाँदा स्वर्गदूतले नहेर्नू भनेर दिएको आज्ञा नमानेर पछि छोडिराखेका धन सम्पत्तिको लोभले गर्दा उसले पछिल्तिर फर्केर हेरी र ऊ नूनको खाँबो भई (उत्पत्ति १९:२६) । प्रभु भन्नुहुन्छ, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्‍वरको राज्यको योग्य हुँदैन" (लूका ९:६२) । हामी पुग्नुपर्ने ठाउँ अघिल्तिर भएको हुनाले चाँडै नै पुग्नलाई पछि फर्केर हेरिरहन केही आवश्यकता छैन ।

यदि अब्राहाम र साराले पछिल्तिर हेरेका भए तिनीहरूले अघि राखिएका उत्तम आशिष्‌हरू सबै गुमाउने थिए । हिब्रू ११:१५-१६ मा लेखिएको छ, "जुन देशबाट तिनहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशका विषयमा सोचेका भए तिनीहरूलाई फर्कि जाने मौका मिल्ने थियो तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन् । यसैकारण परमेश्‍वर तिनीहरूका परमेश्‍वर भनी पुकारिनु, शर्माउनु हुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउट सहर तयार पारिदिनुभएको छ ।" अब्राहाम र तिनका साथमा भएकाहरूले तिनीहरूले पछि छाडिराखेका देशका विषयमा सोचेनन्, तिनीहरूले बिर्सिदिए र तिनीहरू अझ उत्तम देशमा पुग्न सके ।

अतीतका कुराहरूले नै हामीलाई अघि बढ्ने क्रममा धेरै बाधा दिन्छन् । बितेका कुराहरूको सम्झनाले कि त हामीलाई अभिमानी बढाउँछ वा त हतोत्सह गराउँछ । हामीले पाएको सफलतामा हामी आफै घमण्ड गर्न लाग्छौं । अनि परमेश्‍वरकै सेवामा यो काम गरिसिध्यायौं भनेर कतिचोटि हामीले केही गरेर देखायौं भन्ने लाग्छौं भने हामी सबै श्रेय आफै लिन्छौं अनि परमेश्‍वरलाई दिनुपर्ने पूरा महिमा उहाँलाई दिँदैनौं साथै हामी आफैलाई सफल ठान्न लाग्छौं र अरूलाई चाहिँ हेलाको दृष्टिले हेर्न लाग्छौं । हाम्रो उपलब्धी कम रहयो भने हामी आफैलाई असफल सम्झन लाग्छौं अनि आत्माग्लानीले हामीलाई पिरोल्न थाल्छ । हामी आफैलाई दोष दिन लाग्छौं । अयोग्य, बेकामे ठान्न थाल्छौं । हामीमा हीनता बोध बढेर आउँछ र हामीमा भएको जोश, उत्साह सेलाएर जान्छ । यसैले होला यशैया ४३:१८-१९ मा परमेश्‍वर भन्नुहुन्छ, "बितेका कुराहरूलाई नसम्झ, उहिलेका कुराहरूलाई विचार नगर । हेर, म एउटा नयाँ कुरा गर्नेछु । २ पत्रुस १:३ ले भन्दछ, "...परमेश्‍वरको ईश्‍वरीय शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले हामीलाई दिनुभएको छ ।" तर १ कोरिन्थी ३:२१-२३ अनुसार हामीलाई दिइएको सबै थोक हाम्रो वर्त्तमान र हाम्रो भविष्यमा पनि भेटाउनेछौं तर हाम्रो भुल वा अतीत भेटाउँदैनौं । किन होला ? हुन सक्छ, परमेश्‍वर पिताले हाम्रो आउँदो जीवनको सफलताको निम्ति बितेको जीवनको विशेष् आवश्यकता पर्दैन भनेर नै हामीलाई नदिनुभएको होला !

रोमी ८:३८-३९ मा पावल भन्दछन्, "म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्त्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले खीष्ट येशू हाम्रा प्रभुमा भएको परमेश्‍वरको प्रेमबाट हामीलाई अलग गर्न सक्ने छैन ।" यहाँ पावल बताउन चाहन्छन् कि परमेश्‍वरको अटल प्रेम कहिल्यै पनि टल्दैन । उहाँले हामीलाई अनन्तको, बिना शर्तको, पवित्र, चोखो, प्रेमले प्रेम गर्नुभएको छ । हामी प्रेम गरिने योग्यको भएर होइन तर उहाँ स्वयं प्रेम हुनुभएकोले हामी अयोग्यहरूलाई पनि उहाँले खीष्टमा प्रेम गर्नुहुन्छ । तर माथि दिइएको रोमी ८:३८-३९ को सूचीमा पनि वर्तमानका कुराहरू वा पछि हुने कुराहरूमात्र भेटाउँछौं तर अतीतका कुराहरू त्यहाँ भेटाउँदैनौं, किन होला ?

दौडको बारेमा फिलिप्पी ३:१२-१४ पदहरूमा पावल बताउँछन्, "...म एउटा काम गर्दछु कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्‍वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर जोडसँग अगि बढ्दछु ।" यहाँ पछाडिका कुराहरू भनेको चाहिँ बितेको जीवन, अथवा अतीतका कुराहरू हुन् । पछाडिका कुराहरू किन बिर्सने ? कारण २ कोरिन्थी ५:१७ मा पावल बताउँछन्, "यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।"

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| पौष २५ January 09 | पाष्टर रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | एल्डर जेम्स राई | पाष्टर बि.बि. खवास | पाष्टर दफ्तन सादा | पाष्टर राजेन्द्र रोंगोंग | एल्डर शरण राई |
| माघ ०२ January 16 | पाष्टर अशोक मुखिया | डीकन मान बहादुर मगर | डीकन दान बहादुर अधिकारी | डीकन घन श्याम दाहाल | एल्डर रूबेन श्रेष्ठ | डीकन नवराज के.सी. | पाष्टर राजेन्द्र रोंगोंग |
| माघ ०९ January 23 | डीकन अर्जुन ढकाल | पाष्टर अशोक मुखिया | डीकन बाग मान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन बाबुराम के.सी. | संयुक्त सेवा ललितपुर चर्च |
| माघ १६ January 30 | श्री लेख नाथ पौडेल | डीकन राजु तामाङ्ग | डीकनेस् रमा राई | पाष्टर रोल्याण्ड रोंगोंग | श्री सुकु राम तामाङ्ग | डीकन रूद्र राई | एल्डर दिल थापा |
| माघ २३ February 06 | डीकन सिमोन पाठक | श्रीमती रश्मिला तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | डीकन सिमोन भण्डारी | श्री श्रीराम सुर्खेती | एल्डर शरण राई |

भर्खरै जन्मेको बालकको अतीत नभएको जस्तै खीष्टमा विश्वास गर्ने व्यक्तिको पुरानो जीवन पनि सिद्धिसक्यो । पुरानो कुराहरू बितिसके, अब सबै कुरा नयाँ भएका छन् । यसैले हामीले बितेका जीवनको कुरातिर हेरि बस्नु आवश्यकता छैन । निशाना अगाडि छ, पछाडि होइन, यसकारण अगाडि बढ्दै जाऔं, अतीतलाई नहेरौं ।

## जानकारी

नेइम जोरपाटी मण्डलीको पाष्टर महेश प्रसाद थाँजु नेपाली इसाई मण्डलीमा सन् १९८९ देखि २०१५ सम्म अर्थात् २६ वर्षसम्म पूर्णकालिन सेवामा एक योग्य साथै समर्पित सेवकको रुपमा सेवकाइ गर्नुभई २०१६ सालदेखि नेइमबाट अवकाश लिनुभएको जानकारी गराउँदछौं ।

## हार्दिक शुभ कामना



आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक यही पौष २६ गते जनवरी १० तारिख आइतबार ९० वर्ष पूरा गरी ९१ औं वर्षमा प्रवेश गर्नुभएकोमा नेइमका सम्पूर्ण परिवारको तर्फबाट हार्दिक शुभ कामना व्यक्त गर्दछौं साथै उहाँको जीवन र सेवकाइको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं । आगामी दिन र वर्षहरूमा पनि पवित्र आत्माको भरपूरी र परमेश्वरबाटको अझ प्रशस्त आशिष् रहेको होस् भनी प्रार्थना गर्दछौं ।

## शुभ कामना

**नव वर्ष २०१६ को सुखद अवसरमा नेइमअन्तर्गतका सम्पूर्ण मण्डली परिवार, शाखा आवद्ध मण्डलीहरु, देश विदेशमा रहनुभएका सम्पूर्ण मण्डली परिवारहरु साथै सम्पूर्ण देशबासीहरुमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभ कामना व्यक्त गर्दछौं ।**

## जानकारी


मंसिर १९ गते/डिसेम्बर ५ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा २९ जना बाल बालिकाहरूको अर्पण गरियो ।

मंसिर २६ गते/डिसेम्बर १२ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा २८ जना विश्वासीहरूको समर्पण भयो ।

पौष ४ गते/डिसेम्बर १९ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा २४ जना विश्वासीहरूको समर्पण भयो ।



खुशीबूँ बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती **ज्ञानी माया शाही** ८८ वर्षको उमेरमा पौष ६ गते/डिसेम्बर २१ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



जहरसिंह पौवा बस्नुहुने नेइम जहरसिंह पौवा मण्डलीको सदस्य श्री **राम बहादुर घ्लान** ७६ वर्षको उमेरमा पौष ४ गते/डिसेम्बर १९ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



सिर्जनानगर बस्नुहुने नेइम सिर्जनानगर मण्डलीको सदस्य श्री **जोन खालिङ राई** ८८ वर्षको उमेरमा पौष १० गते/डिसेम्बर २५ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| पौष २५ January 09 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंबगूँ चर्च | श्री राजु तामाङ्ग |
| माघ ०२ January 16 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् नविना लिम्बू | श्री सुरेन्द्र सापकोटा |
| माघ ०९ January 23 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर छोदेन कार्थक | श्री प्रशान्त सिंह | श्रीमती शान्ति तामाङ्ग |
| माघ १६ January 30 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर बी.एन. पण्डित | एल्डर सामुएल क्षेत्री | श्रीमती रमिता तामाङ्ग |
| माघ २३ February 06 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक बधाई



मंसीर २३ गते/डिसेम्बर ९ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री **राजु अधिकारी** र सुश्री **सुष्मा कार्की**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राजु** र **सुष्मा अधिकारी** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २४ गते/डिसेम्बर १० तारिख बिहीबार नेइम जोरपाटी चर्चका सदस्य श्री **सामुएल भुल** र महिमा ब्याप्टिस चर्च नखुकी सदस्य सुश्री **सृष्टि सुनाम**को महिमा ब्याप्टिस चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सामुएल** र **सृष्टि भुल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २८ गते/डिसेम्बर १४ तारिख सोमबार नेइम गुरुजुधारा चर्चकी सदस्य सुश्री **रस्मिता थिङ्ग** र सिरजी मण्डली ११ किलो, गोरखाको सदस्य श्री **इन्द्र (एन्ड्रू) तामाङ्ग**को नेइम ललितपुर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रस्मिता** र **इन्द्र (एन्ड्रू) तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २८ गते/डिसेम्बर १४ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **रिता काफ्ले** र नेइम जोरपाटी मण्डलीको सदस्य श्री **अनिल बस्नेत**को ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अनिल** र **रिता बस्नेत**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष १ गते/डिसेम्बर १६ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **धिरज श्रेष्ठ** र सुश्री **तारा तामाङ्ग**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **धिरज** र **तारा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विषेश प्रार्थना

१. देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वस्थ्य, तथा सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति भएको होस् र इमान्दारिताको लागि प्रार्थना गरौं साथै देशको तराई भेगमा भइरहेको बन्द, हडताल, नाका बन्दी हटेर गएको होस् ।

३ खीष्टमसको समयमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा सारा संसारभरि धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

४. सारा संसारभरि नै सुसमाचार प्रचारको काम अझै बढेर गएको होस् ।

५. यो वर्ष पनि देशका सबै मण्डलीहरू साथै ख्रीष्टिय संघ-संस्थाहरू परमेश्वरको महिमाको निम्ति परमेश्वरको इच्छा र योजनामा लागिपर्न पवित्र आत्माको अगुवाइ र सहायता मागिदिऔं ।

६. देशका सबै मण्डलीका गुरुजनहरू, सेवक/सेविकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा हुर्काउन, बढाउन, वास्ता पुरचाउन साथै डोरचाउन सकून् ।

७. सबै विश्वासीहरूको जीवन वचन पढाइ, आज्ञापालन, प्रार्थना, स्तुति प्रशंसा, सुसमाचार प्रचार गर्ने हुन सकून् ।

८. यस वर्ष सबै अधुरो परिवारहरू प्रभुमा पूर्ण हुन सकून् साथै परमेश्वरको प्रेमलाई थाहा गरेर पनि प्रभुबाट टाढा भएकाहरू सबै प्रभुमा फर्केर आउन सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १९ 3<br>यो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २६ 10<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिष्हरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | ३ 17<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | १० 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२४ | १७ 31<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डली-लाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ |
| **सोमबार Monday** | २० 4<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७,यूहन्ना १६:३३ | २७ 11<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैका लागि प्रार्थना गरि-दिऔं ।<br>यर्मिया ३१:११-१२, १६-१७ | ४ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ११ 25<br>परमप्रभु परमेश्वरले राखि-दिनुभएका आशिष्हरू उपभोग गर्दै आशिष् बन्नको निम्ति विश्वासको कदम बढाउन सकौं ।<br>यहोशू १:३-५ | १८ February 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार Tuesday** | २१ 5<br>यो वर्ष सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | २८ 12<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | ५ 19<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १२ 26<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १९ 2<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार Wednesday** | २२ 6<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>फिलिप्पी २:१३, ४:१३ | २९ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ६ 20<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२ | १३ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | २० 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार Thursday** | २३ 7<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | ३० 14<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर भएर जिउन सकून्।<br>एफिसी २:१० | ७ 21<br>विवाह बन्धनमा बाँधिनुभएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १४ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | २१ 4<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| **शुक्रबार Friday** | २४ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११ | १ माघ 15<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ८ 22<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १५ 29<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ | २२ 5<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>लेवी २६:११-१३ |
| **शनिबार Saturday** | २५ 9<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | २ 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित् जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ९ 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १६ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २३ 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**म तेरो अगिअगि जानेछु, र पर्वतहरूलाई समतल पार्नेछु । काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु र फलामका बारहरू काट्नेछु । म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तँलाई तेरो नाउँ काढेर बोलाएको छु भनेर तैंले थाहा पाउनलाई म तँलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु ।** **यशैया ४५:२-३**

 प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, 